"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान"

# रम्भा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## पिपलडाँडा, पाल्पा

आ.व.२०८०/०८१

# वार्षिक नीति तथा कार्यक्रम

## स्वीकृत मिति :२०८०/०३/१०

# आर्थिक वर्ष ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

प्रकृति र संस्कृतिले समृद्ध रम्भा गाउँपालिकाको गरीमामय गाउँ सभामा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नुभएकोमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दै अभिवादन टक्र्याउँदछु । मुलकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने अभियानमा जीवन आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्न चाहन्छु । यस महत्वपूर्ण अवसरमा रम्भा गाउँपालिकाको आ.व.२०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँ अधिवेशन समक्ष प्रस्तुत गर्न पाउदा ज्यादै हर्षित छु ।

नेपालमा रहेका ७५३ वटा स्थानीय सरकार मध्ये रम्भा गाउँपालिका पाल्पा जिल्लाको तानसेन देखि करिव २४ कि.मि. पूर्वी भागमा अवस्थित छ।उत्तर तर्फ विश्वकै  एकमात्र पवित्र कालीगण्डकी नदी र दक्षिण तर्फ माडी फाँटको काखमा अवस्थित छ, जसको पूर्वमा रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिका, उत्तरमा कालीगण्डकी नदी, दक्षिणमा माथागढी गाउँपालिका, पश्चिममा बगनासकाली गाउँपालिका  पर्दछन । यस गाउँपालिकाको नामाकरण यसै गाउँपालिका वडा नं.५ मा अवस्थित प्रसिद्ध शक्ति पिठ रम्भादेवीको नामबाट रहेको पाइन्छ ।रम्भा गाउँपालिका ८३° ४१′२०" पूर्वी देशान्तर र २७° ५१′५८" उत्तरी अक्षाशंमा ९४.१२ वर्ग कि.मि.मा फैलिएको छ भने उचाईका हिसावले पाल्पा जिल्लाका अग्ला लेकहरु मध्ये रिमिघा लेक यहीपर्दछ, जसको उचाई १७९४ मी. छ भने सबै भन्दा होचो भाग कालीगण्डकीको किनार हुँगी हो, जसको उचाई ७५० मी. छ ।यो गाउँपालिकामा सबै भन्दा बढी मगरहरुको बसोबास छ ।यसका अलवा यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, नेवार, दमै, कामी, सार्की, गन्धर्व, गुरुङ, बोटे-माझी, मुस्लिम, आदिको मुख्य बसोबास रहेको छ ।

स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त पालिका निर्माण तथा सभ्य र सु-संस्कृत समाज एवम आफ्नो कर्तव्य प्रति दृढ रहनु यस गाउँपालिकाका आदर्श हुनेछन् ।

संघ, प्रदेश र स्थानीय तहगरी तीनै तहका सरकारहरुको मुख्य उद्देश्य सम्पूर्ण नागरिकलाई आर्थिक दृष्टिकोणले आत्मनिर्भर र स्वावलम्वी बनाउने उद्देश्य राखेर अगाडी बढिरहेको सन्दर्भमा रम्भा गाउँपालिकाले **"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान "** भन्ने नारालाई साकार बनाउने गरी आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम र वजेटलाई केन्द्रित गर्न लागिएको जानकारी गराउन चाहन्छु ।

राज्यको पूनर्संरचना सँगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तिन तहका सरकारको अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको निती नियमको परिधिभित्र रही विशेषत आयआर्जनका कार्यक्रमहरु, शिक्षा, स्वास्थ्य, कृषि,  पशुपालन, पर्यटन, व्यवसाय तथा भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई विशेष जोड दिदै सम्मानित गाउँ अधिवेशन समक्ष आ.व.२०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु ।

## (क)आर्थिक विकास

### १. कृषि तथा पशुपालन

- युवा जनशक्तिलाई देश भित्रै रमाउने वातावरण सृजना गर्न कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गरी आत्म निर्भर र स्वावलम्वी बनाउनका लागि यस क्षेत्रलाई उच्च प्राथमिकता दिईनेछ साथै कृषि तथा पशु विकास कार्यक्रमलाई गैरसरकारी संस्थासंग साझेदारी रुपमा गर्दै आएकोमा उक्त कार्यक्रमलाई निरन्तरताका साथ थप प्रभावकारी बनाईनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रबाट प्राप्त हुने साधन र स्रोतको उच्चतम प्रयोग गरी संचालन गरिने घरेलु उद्योग व्यवसायहरुलाई बढी प्रभावकारी बनाउनका लागि सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउने कार्यक्रमलाई थप व्यवस्थित गराइनेछ ।
- कृषि पेशालाई आधुनिक एवं वैज्ञानिक बनाई लागत कम गर्न अनुदानमा, आधुनिक कृषि औजारहरु उपलब्ध गराउने कार्यक्रमलाई प्राथमिकता दिदै व्यवस्थित बनाईनेछ ।
- प्रत्येक व्यक्तिलाई उत्पादनसँग जोडी आत्मनिर्भर र स्वावलम्वी बनाउन उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउनुका साथै यस कार्यक्रममा पशुजन्य उत्पदान तथा कृषिजन्य उत्पादनलाई समावेश गरिनेछ ।
- कृषि उत्पादकत्व वृद्धि गराउन उन्नत जातका विउ उत्पादनमा जोड दिदै अनुदानमा विउ उपलब्ध गराउने तथा जैविक मल उत्पादन तथा वितरणको व्यवस्था मिलाईनेछ ।
- रम्भा गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउन विगत वर्ष देखि आलुको विउमा दिदै आएको अनुदानलाई व्यवस्थित बनाईनेछ साथै उत्पादित आलु संरक्षण गर्न संचालनमा ल्याइएको शीत भण्डारमा भण्डारण गर्न प्रोत्साहित गरिने छ ।
- 'एक घर पाँच फलफुल' भन्ने नारालाई अगाडी सार्दै युवा जनशक्तिलाई व्यावसायिक फलफूल खेती तर्फ आकर्षित गराउन आँप, लिची, कागती, सुन्तला, जुनार, अमिलो, अनारका विरुवा अनुदानमा उपलब्ध गराउने तथा लिची र कागतीको व्लक स्थापना गर्ने कार्यक्रममा जोड दिनुका साथै खाली सावर्जनिक जग्गामा समेत फलफूलका विरुवा लगाउने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ ।
- रैथाने बाली प्रवर्द्धन गर्ने उद्देश्यका साथ अदुवा, बेसार, सूर्यमुखी, कुरीलो, कोदो जस्ता खेतीहरु व्यवसायिक रुपमा गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- कृषि उपज संकलन केन्द्रलाई संचालनमा ल्याई कृषि एम्बुलेन्स थप गरी कृषि सहकारीको माध्यमबाट कृषि उत्पादन वजार सम्म पुर्याउने तथा कृषि उपज ग्रेडिङ गर्नका लागि तालिमको व्यवस्था मिलाईनेछ ।
- निर्माण भएको शीत भण्डारलाई थप व्यवस्थित गरिनेछ र यस आ.व. मा प्रदेश सरकारको साझेदारीमा रम्भा-१, को हुँगीमा एउटा शीत भण्डार निर्माण गर्ने कार्य अगाडी बढाईनेछ ।
- खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै खाद्यान्न उत्पादनमा वृद्धि गरी आत्म निर्भर बनाउनको लागि भूमि बैंक स्थापना गरी भूमिहीन कृषकहरु तथा समुहमा खेती गर्ने किसानहरुलाई खेती गर्नका लागि निःशुल्क भूमी उपलब्ध गराउने प्रकृया अगाडी बढाउनका लागि बाँझो जग्गाको लगत संकलन गर्ने कार्य अगाडी बढाईनेछ ।
- कृषि पेशालाई मर्यादित एवं व्यवस्थित बनाउँदै व्यवसायिकरण तथा कृषि उत्पादनमा वृद्धि गर्न कृषकहरुलाई पुरस्कृत गर्ने, कृषि प्रदर्शनी जस्ता कार्यक्रम गरिनेछ ।
- रम्भा गाउँपालिकालाई दुध, मासु र अन्डामा दिगो रुपमा आत्मनिर्भर बनाउन गाई, भैसी, बंगुर, कुखुरा र बाख्रापालन व्यवसायलाई दिदै आएको अनुदानलाई वैज्ञानिक एवं थप व्यवस्थित बनाईनेछ साथै फोक्सिङ्कोटमा बाख्रा अनुसन्धान केन्द्र स्थापना गर्ने कार्य आगाडी बढाईनेछ ।
- व्यवसायिक पशुपालन पेशालाई प्रभावकारी बनाउन आधुनिक घाँस तथा पशु आहार साइलेज उत्पादान तथा व्यवस्थापन गर्ने कार्यमा प्रोत्साहित गरिनेछ ।
- मौरीपालन, मत्स्यपालन जस्ता पेशालाई प्रभावकारी बनाउन सम्भाव्यता अध्ययन गरी घार वितरण, गोला वितरण, भुरा वितरण तथा पोखरी निर्माण कार्यलाई व्यवस्थित बनाईनेछ, साथै व्यवसायिक कृषि खेति गर्ने कृषकहरुलाई थप प्रोत्साहित गरिनेछ ।
- वस्ती तथा खेतियोग्य क्षेत्रमा वन्यजन्तुको नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्यमा जोड दिईनेछ ।

- दुग्ध व्यवसायलाई प्रभावकारी बनाउन संचालनमा आएका डेरीहरुलाई थप व्यवस्थित बनाउँदै आवश्यकता अनुसार डेरी स्थापना गर्ने तथा चिस्यान केन्द्रलाई संचालनमा ल्याईनेछ ।
- पशुपंक्षी विमा कार्यक्रम मार्फत कृषि तथा पशुपालन पेशालाई सुरक्षित गर्दै कृषि पेशा प्रति थप आकर्षित बनाउन कृषि ऋणको व्यवस्था तथा उत्पादनमा विपदबाट हुने नोक्शानका लागि क्षतिपूर्ति व्यवस्थापनका लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
- पशुपंक्षीहरुमा लाग्ने रोगहरुको पहिचान गरी उपचारमा सहजता ल्याउने कार्यमा जोड दिईनेछ ।
- कृषि उपजहरुको अभिलेखिकरण गर्ने कार्यको थालनी गरिनेछ ।
- प्रत्येक वडा स्तरमा नै नर्सरी स्थापना गरी विरुवा उत्पादन तथा वितरण गर्ने कार्यक्रम ल्याईनेछ ।
- पक्की पोखरी निर्माण,प्लास्टिक पोखरी,प्लास्टिक टनेल निर्माण तथा वितरण गर्ने कार्यलाई बढी प्रभावकारी बनाईनेछ ।
- पशुपालन व्यवसायलाई बढी प्रभावकारी बनाउन उन्नत जातका भैसी, राँगा, बाख्रा, बोका, बंगुर र कुखुरा वितरण गर्ने कार्यक्रममा अनुदानको व्यवस्था मिलाइनुका साथै नश्ल सुधार कार्यमा जोड दिईनेछ ।
- स्मार्ट कृषि गाउँ कार्यक्रमलाई आवश्यक व्यवस्थापन गरी उन्नत जातका विउविजन उत्पादनमा जोड दिईनेछ ।
- माटोपरीक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

## २.सहकारी :

- **"गाउँ-गाउँमा सहकारी घर-घरमा रोजगारी"** भन्ने नारालाई सफल बनाउन गाउँपालिका भित्र संचालित सबै सहकारीहरूलाई अभिलेखिकरण गरी संस्थागत विकासमा जोड दिईनेछ ।
- कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरु मार्फत विभिन्न प्रकारका आय-आर्जनका कार्य संचालनमा ल्याईनेछ साथै उत्पादनमा आधारित अनुदानको वितरण गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- सहकारी संस्था तथा अन्य वित्तीय संस्थाहरु मार्फत व्यावसायिक कृषि तथा पशुपालन, साना उद्योग तथा व्यवसाय संचालन गर्ने उद्यमीका लागि आवश्यक कर्जा सहुलियत व्याजदरमा उपलब्ध गराउने कार्यलाई व्यवस्थित बनाईनेछ ।
- कृषकका लागि आवश्यक पर्ने उन्नत विउ विजन, मल, किटनासक औषधीहरु कृषि सहकारीहरु मार्फत छिटो सरल तरिकाबाट वितरणको व्यवस्था मिलाईनेछ ।
- विद्यालय तथा समुदाय स्तरमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

## ३.घरेलु तथा साना उद्योग :

- स्थानीय साधन, श्रोत, सीप एवं प्रविधिलाई उच्चतम प्रयोग गरी स्थापना भई सञ्चालनमा आउने साना तथा घरेलु उद्योगलाई प्रोत्साहित गर्ने कार्यक्रम ल्याईनेछ ।
- घरेलु तथा साना उद्योग स्थापना, घरेलु इट्टा उद्योग स्थापना तथा संचालनलाई उच्च प्राथमिकता दिईनेछ ।
- संघीय सरकार, प्रदेश सरकारको साझेदारीमा रम्भा-१, हुँगीको अमिल्टारमा औद्योगिक ग्राम संचालनमा ल्याईनेछ ।
  उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै उद्यमीहरुलाई सीप अनुसारका व्यवसाय संचालनका लागि थप प्रोत्साहनका कार्यक्रम ल्याईनेछ ।

## ४. पर्यटन :

- पर्यटन **प्रवर्द्धन** गर्नका लागि कालीगण्डकी नदीमा र्याफ्टिङ कार्य संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।
- आय-आर्जनको मुख्य श्रोत पर्यटन व्यवसाय भएको हुँदा रम्भादेवि मन्दिर, रिमिघा लेक जस्ता धार्मिक एवं पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गर्दै ऐतिहासिक धार्मिक एवं पर्यटकीय गन्तव्य स्थलको पहिचान, गुरुयोजना निर्माण, संरक्षण तथा विस्तार गर्ने कार्यमा उच्च प्राथमिकता दिईनेछ ।

❖ पर्यटन क्षेत्रको प्रचार प्रसारको लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।

❖ पर्यटन व्यवसायको मेरुदण्डको रुपमा रहेको होमस्टे व्यवसाय संचालनको लागि प्रोत्साहित गरिनेछ।

❖ कालीगण्डकी उपत्यकाको एकिकृत विकास गर्न गुरुयोजना तयारी गर्ने तथा पवित्र कालीगण्डकी नदी संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ।

❖ पर्यटन **प्रवर्द्धन** गर्नका लागि PPP(3P) मोडल अगाडी ल्याईनेछ।

❖ कालीगण्डकी नदी देखि रिमिघा लेकसम्म जान केवलकार संचालनको संभाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाईनेछ।

❖ प्रत्येक वडाहरुमा १/१ वटा आकर्षक पार्क निर्माण गर्ने कार्यको प्रारम्भ गरिनेछ।

## (ख). सामाजिक विकास

### १. स्वास्थ्य

**"स्वच्छ रम्भा, स्वस्थ रम्भावासी" को नारालाई साकार रुप दिनका लागि देहाय अनुसारका जनस्वास्थ्य नीति एवं कार्यक्रमहरु आगामी आ.व. ०८०/०८१ मा गरिने छ।**

❖ स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनि तोकिएका सबै आधारभूत स्वास्थ्य सेवाहरु सम्पूर्ण जनताहरुको पहुँचमा निःशुल्क उपलब्ध गराईनेछ।

❖ समुदायमा नसर्ने रोगको कारण जटिल परिस्थिति सिर्जना भएको हुदाँ नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि स्थानीय स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, महिला पोषण सहजकर्ता स्थानीय संघ संस्थाहरुको समेत परिचालन गरि जनचेतनामूलक कार्यक्रम तथा स्क्रिनिङ कार्यहरु गरि समुदायमा रोगको भार कम गरिनेछ|

❖ राष्ट्रिय खोप कार्यक्रम र कोभिड १९ विरुद्धको खोप सबैले पाएको सुनिश्चितता गरिनेछ।

❖ स्वास्थ्य संस्थाहरुमा सञ्चालित प्रसूती सेवा केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ। शुन्य होम डेलिभरी सुनिश्चितता र दिगोपनाका लागि सबै वडामा सुरक्षित मातृत्व सचेतना कार्यक्रम गरी गर्भवती, प्रसूती र सुत्केरी सेवालाई थप गुणस्तरीय र विश्वसनीय बनाईनेछ।

❖ पोषण कार्यक्रममा सुनौलो १००० दिनका आमाहरुलाई विशेष जोड दिईने र वालबालिकाहरुको वृद्धि अनुगमन र मुआक (मध्य पाखुराको गोलाई नाप) जाँच घर- घर मै गई जाँच्ने र खोप, पोषण स्वास्थ्य, सरसफाईको निगरानी गरी व्यवहार परिवर्तनको लागि परामर्श दिने कार्य गर्नका लागि महिला स्वास्थ्य स्वयंसेविका र महिला पोषण सहजकर्ताहरुलाई परिचालन गरिनेछ।

❖ स्वास्थ्य उपचार बिमा कार्यक्रमलाई निरन्तरता एवं विस्तार गरिनेछ साथै अपाङ्ग, महिला स्वास्थ्य स्वयं सेविका, पोषण सहयोगी सहजकर्ता, एकल महिला, विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य विमा अनिवार्य रुपमा गराईनेछ।

❖ स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था बनाउन पहल गरिने र यौन तथा प्रजनन स्वास्थ्यको सचेतना तथा लागूऔषध दुर्व्यसन,आत्महत्या र बालबिवाह न्युनीकरणमा पहल गरिनेछ।

❖ एकिकृत घुम्ती शिविरलाई निरन्तरता दिईने र स्वास्थ्य विशेषज्ञ सेवालाई थप गरी अझ प्रभावकारी बनाईनेछ।

❖ स्वस्थ जीवनशैलीलाई प्राथमिकता दिईने र आयुर्वेद औषधालयबाट योग तथा ध्यान लगायतका स्वास्थ्य पद्दतिको संरक्षण, प्रवर्द्धन गरि स्थानीय स्तरमा उपलब्ध हुने जडिबुटीहरुको पहिचान गरि व्यवस्थापन तथा उपयोग गर्ने कार्यको निरन्तरता गरिनुका साथै पञ्चकर्म सेवालाई थप व्यवस्थित गरिनेछ।

❖ आमा र बच्चाका लागि पोषण युक्त खानाका लागि दिदै आएको रकम रु.१५००/ लाई निरन्तरता दिईनेछ।

❖ पोषण सहयोगी सहजकर्ताहरुलाई दिदै आएको पोषाक भत्तामा निरन्तरता दिईनेछ।

❖ विद्यालय क्षेत्रमा पोषण, सरसफाई र महिनावारी स्वच्छता कार्यक्रमलाई प्रभावकारी वनाईने र विद्यार्थीहरु मार्फत स्वास्थ्य सम्बन्धि शिक्षा र सञ्चार गरी घर परीवारमा स्वास्थ्य सम्बन्धि व्यवहार परिवर्तनको लागि स्वास्थ्य शिक्षा तथा सूचना केन्द्रको रुपमा विकास गरिनेछ साथै मा.वि. विद्यालयहरुमा नर्सिङ्ग स्टाफ राख्ने व्यवस्थालाई प्राथमिकता दिईनेछ।

- महिला स्वास्थ्य स्वयंसेविकाको कामको उच्च मुल्यांकन गरि प्रोत्साहन गरिनेछ र दीर्घ सेवा गर्नु भएका तर उमेर हद वा अन्य कारणबाट सेवाबाट हट्नु हुनेहरुको लागि आत्म सम्मान हुने गरी सम्मानजनक रुपमा विदाई गरीने छ।
- जनस्वास्थ्य प्रयोगशालालाई थप व्यवस्थित गरि सम्पूर्ण प्रयोगशालाबाट क्षयरोगको परिक्षण समेत गर्न सक्ने स्वास्थ्य उपकरण र केमिकल्स तथा स्वास्थ्यकर्मिको व्यवस्था मिलाईने छ र प्रदान गर्दै आएको निशुल्क सेवालाई निरन्तरताका साथै अन्य परीक्षणको दायरा वढाईने छ।
- स्वास्थ्य आमा समुहहरुलाई पुनर्जागरण गरी सकृय वनाईने छ।
- मानसिक स्वास्थ्य सम्बन्धि जन चेतना तथा परामर्श समुदाय स्तर सम्म अभियानको रुपमा लगिनेछ|
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात र बोनम्यारोका विरामीहरुलाई औषधि उपचार बापत खर्च उपलव्ध गराउने कार्यलाई संघिय सरकार सँग सहकार्य गरी मासिक भत्ता दिने व्यवस्थाको निरन्तरता गरीनेछ साथै विगत वर्षबाट प्रदान गर्दै आएको यातायात खर्च वापत रु.१०,०००/ लाई निरन्तरता दिईनेछ।
- वर्थिङ सेन्टर, प्रसूती र सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित र गुणस्तरीय गराईने तथा समुदायमा यौन तथा प्रजनन् स्वास्थ्यको लागि सचेतना कार्यक्रम गर्नका लागि स्थानीय समुदाय स्तरका महिला अगुवा कार्यकर्ताहरुलाई जिम्मेवार बनाउनुका साथै तिनीहरुलाई प्रोत्साहित गरिनेछ।
- जेष्ठ नागरिक घर घरमा उपचार कार्यक्रमलाई थप व्यवस्थित गरि निरन्तरता गरिनेछ|
- चिकित्सक, स्वास्थ्य कर्मी र अन्य कर्मचारीहरुको कार्यसम्पादनको उच्च मुल्यांकन गरि प्रोत्साहनका लागि पुरस्कृत गरिनेछ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई काम प्रति बढि सक्रिय एवं जिम्मेवार बनाउन यातायात खर्चलाई निरन्तरता दिईनेछ।
- चिकित्सक,स्वास्थ्यकर्मि र अन्य कर्मचारीहरुको आवश्यकताको आधारमा क्षमता अभिबृद्धिको लागि तालिमको व्यवस्था गरिनेछ|
- सबै स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाई रिपोर्टिंग र रेकर्डिङलाई व्यवस्थित गरिनेछ|
- मापदण्ड अनुसारको स्वास्थ्य संस्थाको भवन बनाउन पहल गरिनेछ|
- स्वास्थ्य संस्थाले दिने सेवाको प्रभावकारीता मापनको लागि सामाजिक लेखापरीक्षण वा समुदाय अङ्क पत्र कार्यलाई वार्षिक रुपमा गरिनेछ र ग्याप रहेका सेवालाई कार्ययोजना गराई कार्यान्वयन गरिनेछ।
- गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको औषधी आपूर्ति पुल सिष्टमबाट आकस्मिक मौज्दात र स्वीकृत मौज्दातका आधारमा गरिनेछ।
- स्वा.चौकीहरु र सामुदायिक स्वास्थ्य इकाईबाट उच्च रक्तचाप र मधुमेहका लागि सामान्य औषधीहरुको व्यवस्थापन तथा गर्भवती पोषणका लागि क्याल्सियम विथ भिटामिन डी- ३ र फोलिक एसिड वितरणलाइ निरन्तरता दिईनेछ भने १ प्राथमिक स्वास्थ्य केन्द्रबाट स्वास्थ्य बिमा भित्र पर्ने थप औषधीहरु पनि उपलब्ध हुने व्यवस्था मिलाईने छ।
- RRT द्रुत प्रतिकार्य टोलीलाई स्रोत, साधन र सीपयुक्त वनाई विपद् व्यवस्थापनमा आकस्मिक मानविय सेवाका लागि हाई अलर्ट अवस्थामा राखिनेछ।
- जोनोटिक रोग रेविज विरुद्दको निशुल्कः भ्याक्सिनको व्यवस्थापन गरिनेछ।
- मद्यपान तथा सुर्तीजन्य पदार्थको विक्रि वितरण कार्यलाइ निरुत्साहित गर्ने र बजार अनुगमन कार्यलाई कार्यान्वयन गर्न पहल गरिनेछ।
- संचालनमा रहेका एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नयाँ कार्यविधि वनाई कार्यान्वयनमा लगिनेछ साथै यो सेवालाई थप गर्दै लगिनेछ।
- गर्भवती महिलाहरुलाई स्वास्थ्य चौकी तथा अस्पताल सम्म पुर्याउन निशुल्क व्यवस्था मिलाईनेछ साथै यो सेवालाई निरन्तरता दिइनेछ।
- साझा उद्देश्यका लागि सहयोगी र साझेदार संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ।
- स्वास्थ्य संस्थाबाट प्रदान गर्दै आएको चिकित्सकिय सेवालाई निरन्तरता दिदै क्रमशः विस्तार गरिनेछ।
- पोषण मैत्री गाउँपालिका घोषणा गर्ने अभियानमा लागिनेछ। यसका दुवै पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई सकृय बनाईनेछ।
- नागरिक दुर्घटना विमा कार्यक्रम अगाडि बढाईनेछ।

## २.खानेपानी तथा सरसफाई

- "स्वच्छ जीवनका लागि सुरक्षित पिउने पानी भन्ने" नारालाई सार्थक बनाउन फिल्टरको पानी तथा उमालेको पानी प्रयोग गर्न उत्प्रेरित गरिनेछ।
- फोहरमैला व्यवस्थापनलाई व्यवस्थित गर्न फोहोरको वर्गिकरण गरी छुट्टाछुट्टै संकलन गर्ने प्रबन्ध मिलाईनेछ।

- स्वच्छ पिउने पानी उपलब्ध गराउने नेपाल सरकारको नीति अनुसार खानेपानी योजनाहरुमा "एक घर एक धारा" को कार्यक्रमलाई निरन्तरता दिदै आगामी २ वर्ष भित्र गाउँपालिकाका हरेक घरमा एक घर एक धारा सम्पन्न गर्ने अभियानलाई उच्च प्राथमिकता दिईनेछ।
- "पूर्ण सरसफाई रम्भाको अभियान, रम्भाको पहिचान" नारालाई सार्थक तुल्याउनको लागि खानेपानी संगै पूर्ण सरसफाईका कृयाकलापहरुलाई निरन्तरता र दिगोपना दिईनेछ।
- गाउँपालिकाका वजार उन्मुख क्षेत्रहरुको पहिचान गरी सार्वजनिक शौचालयको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- "मूल देखि मुख सम्म सफा र स्वच्छ खानेपानी"को लागि पानीको गुणस्तर परिक्षण गर्न वजेट सुनिश्चितता गरिनेछ।
- खानेपानीको मूल संरक्षण,सरसफाई र वृक्षारोपणलाई प्रवर्द्धन गरिनेछ।
- निर्माणाधीन सबै धाराहरु बालमैत्री एवं अपाङ्गमैत्री बनाईनेछ।
- पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणाका बाँकी काम पुरा गरी घोषणा तथा दिगोपनाको नीतिलाई प्राथमिकता दिईनेछ।
- वास प्लान अनुसार बाँकी रहेका खानेपानी योजनाहरु तत्काल प्रारम्भ गरिनेछ।
- लिफ्टिङ्ग खानेपानीको न्युनतम शुल्क गाउँपालिकाबाट भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ।

## ३ शिक्षाः

- प्रारम्भिक बालविकास केन्द्रलाई थप व्यवस्थित गरी विद्यार्थी संख्याको आधारमा पुनर्वितरण गरिनेछ।
- सामुदायिक विद्यालयको सबलीकरण तथा व्यवस्थापनमा विशेष जोड दिइनेछ।
- शिक्षकहरुको पेशागत विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरुको समग्र नतिजा विश्लेषण गरि विद्यार्थीको नतिजा प्रति विद्यार्थी स्वयम्, शिक्षक तथा अभिभावकलाई जिम्मेवार बनाइने छ।साथै कार्य सम्पादनका आधारमा शिक्षकलाई पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ।
- बाल विवाह न्यूनीकरण गर्न अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिने छ।
- सिकाइ सहजीकरणमा शिक्षकलाई प्राविधिक सहयोगको लागि विद्यालय निरीक्षण,कक्षा अवलोकन तथा नमूना पाठ प्रदर्शनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ।
- शिक्षक तथा सरोकारवालाहरुबीच शैक्षिक सुधार सम्बन्धी अन्तरक्रिया गरिनेछ।
- 'प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास तथा विस्तारमा जोड दिइनेछ।
- "विद्यार्थी भित्र्याउने ,टिकाउने, सिकाउने र विकाउने" नारालाई निरन्तरता दिदै सोको लागि दिवा खाजा लगायत थप प्रभावकारी कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
- अति विपन्न ,सीमान्तकृत,अभिभावक विहिन,जोखिममा परेका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई माध्यमिक तह सम्मको शिक्षा पूरा गराउन प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सुचना तथा सञ्चार प्रविधिलाई सिकाइको माध्यम तथा विषयको रुपमा प्रयोग गरी सिकाइका सबै विकल्पहरुलाई अवलम्बन गरिनेछ।
- समाजको माग तथा विद्यार्थीको आवश्यकता अनुकुलको अंग्रेजी माध्यमको शिक्षा तथा संस्कार सहितको शिक्षामा विशेष जोड दिदै अंग्रेजी माध्यमबाट कक्षा संचालन भएका विद्यालयहरुलाई थप प्रोत्साहन दिईनेछ।
- बालमैत्री विद्यालयका दिगोपनाका लागि थप कार्यक्रम ल्याईनेछ।

❖ प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका लागि नेतृत्व क्षमता विकास सम्बन्धि तालिमको व्यवस्था मिलाईने छ ।

❖ गाउँपालिका, वडा तथा विद्यालय तहमा विभिन्न प्रकारका अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ ।

❖ सामुदायिक विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा देखिएका समस्याहरुलाई संबोधन गर्न विशेष व्यवस्था मिलाईने छ ।

❖ विद्यालय तहमा स्काउट तथा रेडक्रसलाई सक्रिय बनाइने छ । साथै किशोरीहरुको सुरक्षाका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

❖ उच्च शिक्षा अध्ययनका लागि सञ्चालित क्याम्पसलाई व्यवस्थित गर्दै आवश्यकताका आधारमा थप क्याम्पस स्थापना तथा सञ्चालनका लागि जोड दिईनेछ ।

❖ लुकेर रहेको साहित्यिक प्रतिभाहरुको पहिचान तथा सम्मान गर्दै रम्भा गाउँपालिकाका लोक संस्कृतिको संरक्षण तथा सम्बर्धनमा जोड दिइने छ ।

❖ रम्भा गाउँपालिकाको १० बर्षे शैक्षिक आवधिक योजना निर्माण गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

❖ विद्यालयमा पोषण, स्वास्थ्य तथा सरसफाईका क्षेत्रमा एकिकृत योजना लागू गर्ने नीति ल्याईनेछ ।

❖ सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न परीक्षा, अनुगमन तथा मुल्यांकन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

❖ सम्पूर्ण शिक्षक, कर्मचारी तथा सहयोगीहरुका लागि दुर्घटना वीमाको व्यवस्था मिलाईनेछ ।

❖ प्रविधि मैत्री संस्कार सहितको शिक्षामा जोड दिईनेछ ।

❖ स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई क्रमशः कक्षा ८ सम्म क्रमश निर्माण र कार्यान्वयन गर्दै लगिने छ ।

❖ रम्भा गाउँपालिका भित्र बोलिने भाषा लिपीहरुको संरक्षण तथा सम्बर्द्धनमा जोड दिइने छ ।

**युवा तथा खेलकुदः**

❖ खेलकुदको विकासका लागि खेलकूद सामग्री वितरण, खेलमैदान निर्माण,खेलाडी सम्मान तथा प्रोत्साहन र गाउँपालिका स्तरीय खेलकुद समिति गठन गरी सञ्चालनमा ल्याईनेछ ।

❖ वडा तथा पालिका तहमा विभिन्न प्रकारका खेलहरु सञ्चालन गर्दै प्रतिस्पर्धाको माध्यमबाट राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी तयार गर्ने नीति अवलम्वन गरिनेछ ।

❖ युवा जनशक्तिलाई देश भित्रै रमाउने वातावरण सिर्जना गर्न मागका आधारमा सीपमूलक तालिम तथा आयआर्जनका माध्यमबाट स्वाबलम्बी बनाउने नीति अवलम्बन गरिनेछ ।

❖ महिलाहरुको क्षमता अभिवृद्धिका लागि छोरी बुहारी शिक्षा सञ्चालन गरिनेछ ।

❖ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समयानुकुल बनाउने उद्देश्यले स्थानीय तहबाट निर्माण सामाग्री तथा औजारहरुको व्यवस्था गरी श्रममुलक आयोजनाहरु छनोट गरी सूचीकृत बेरोजगारलाई कार्य स्थालमा आधारित तालिम सहितको न्यूनतम रोजगारी प्रदान गरिनेछ ।

## ४. लक्षित वर्ग

- वेरोजगारी युवाहरुलाई मागमा आधारित सीपमुलक तालिमको व्यवस्था गरी आफ्नो सीप अनुसारको व्यवसाय संचालन गर्न उत्प्रेरित गरिनेछ र त्यस्ता व्यवसाय संचालन गर्न सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराइनेछ तथा थप प्रोत्साहित गर्ने कार्यमा जोड दिईनेछ।
- मागको आधारमा स्वरोजगारमुलक तालिमको व्यवस्था गरी लक्षित वर्गलाई आत्मनिर्भर र स्वावलम्वी बनाउने कार्यमा उच्च प्राथमिकता दिईनेछ।
- तालिम प्राप्त गरी सो कार्यक्रम संचालन गर्ने युवा तथा महिलाहरुलाई व्यावसायिक कामका लागि विशेष अनुदानको व्यवस्था मिलाईनेछ।
- युवाहरुको सर्वाङ्गिण विकासलाई ध्यानमा राख्दै यस आ.व.मा गाउँपालिका स्तरीय रनिङ शिल्ड प्रतियोगिता लगायतका खेलकूदका कार्यक्रम संचालन गरिनेछ साथै कम्तीमा १ वडा १ खेल मैदान निर्माण तथा स्तरोन्नतीमा जोड दिईनुका साथै निर्माणधीन पालिकास्तरीय खेलमैदानहरूलाई पुरा गरिनेछ।
- आवश्यक खेलकुदका सामग्रीहरुको व्यवस्थापनमा प्राथमिकता दिईनेछ।
- विभिन्न प्रकारका दिवस अन्तराष्ट्रिय नारी दिवस, नेपाल मगर दिवस, छुवाछुत मुक्त दिवस, अपाङ्ग दिवस, तीज गीत प्रतियोगिता जस्ता कार्यक्रमलाई निरन्तरता दिदै उक्त दिवसहरु वडा स्तर सम्म संचालन गरिनेछ।
- जेष्ठ नागरिक सम्मान तथा घरमै पुगी औषधि उपचार गर्ने आवश्यक औषधीको प्रवन्ध गर्ने तथा पौष्टिक खाद्य सामग्री उपलब्ध गराइनेछ। यस्ता पौष्टिक खाद्य सामाग्री स्थानीय स्तरमा नै उत्पादनमा जोड दिइनेछ।
- जेष्ठ नागरिक परिचय पत्र तथा अपाङ्ग परिचय पत्र घर घरबाट नै वितरण गर्ने कार्यलाई निरन्तरता दिदै थप व्यवस्थित बनाईनेछ।
- जेष्ठ नागरिक प्रवचनालय स्थापना तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाईनेछ।
- जोखिममा परेका बालबालिका, असहाय बालबालिकाको उद्दार तथा पुनःस्थापनामा जोड दिनुका साथै बालश्रमको अन्त्य गर्ने कार्य कडाईका साथ अगाडी बढाईनेछ।
- वेरोजगारी अवस्थामा रहेका नागरिकहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट रोजगार उपलब्ध गराइनेछ साथै उक्त कार्यक्रमलाई थप व्यवस्थित बनाईनेछ।
- रोजगार केन्द्रलाई थप सुदृढ बनाउँदै बेरोजगारहरुको लगत तयार गरिनेछ।
- बालमैत्री गाउँपालिका दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजनालाई कार्यान्वयनमा ल्याइनुका साथै निरन्तर अनुगमन गरिनेछ।
- लोप हुन लागेको मगर भाषा तथा लिपिको संरक्षण तथा संवर्द्धन गर्ने कार्यमा जोड दिईनेछ।
- छुवाछुतमुक्त गाउँपालिका व्यावहारिक रुपमै कार्यान्वयन गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- सीपमुलक तालिम प्राप्त गरी पछाडी परेका दलित समुदाय तथा लोपोन्मुख समुदायलाई आय-आर्जनको काममा लगाउनका लागि विशेष व्यवस्था मिलाईनेछ।
- लैंगिक हिंसा तथा सामाजिक समावेशीकरणका कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ।
- एकल महिलाहरुका लागि आयआर्जन सम्बन्धि कार्यक्रमहरु अगाडी बढाईनेछ भने एकल पुरुषहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- परम्परागत पेशालाई सुदृढिकरण गर्दै पेशालाई मर्यादित एवं आकर्षित बनाउने कार्यमा जोड दिईनेछ।
- युवाहरुलाई निजामती सेवा, शिक्षा सेवा तर्फ भित्र्याउन तथा सुरक्षा निकायमा भर्ना हुनका लागि तयारी कक्षाहरु संचालन गर्ने कार्यक्रम ल्याइने छ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई उच्च सम्मान गर्दै निजहरुको सशक्तिकरणमा जोड दिईनेछ।
- रम्भा गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका बनाईनेछ।
- “ग” र“घ” वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई समेत सामाजिक सुरक्षा कार्यक्रममा आवद्धता गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

- प्रत्येक वडामा १/१वटा बाल उद्यान स्थापना गरिनेछ।
- बढ्दो आत्महत्याको दरलाई न्यूनीकरण गर्न सामाजिक मनोपरामर्शका कार्यक्रम संचालन गरिनेछ।
- समाजमा रहेका विसंगती र विकृती जस्तै लागु औषध ओसारपसार जस्ता कार्यको अन्त्य गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

## (ग)पूर्वाधार विकास

### १. सिंचाई :

- कृषि उत्पादकत्व वृद्धि गरी कृषकहरुलाई आत्मनिर्भर र स्वावलम्वी बनाउन स्थलगत सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई तथा भुमिगत सिंचाई आयोजनाहरु सञ्चालनमा प्राथमिकता दिईनेछ।
- परम्परागत कुलाहरु तथा साना सिंचाई आयोजनाहरुको मर्मत तथा विस्तारमा विशेष जोड दिईनेछ।
- खेर गएको पानी व्यवस्थापन गरी सिंचाइको व्यवस्थाको लागि आवश्यक बाँधको निर्माण गर्ने काममा जोड दिईनेछ।
- कालीगण्डकीबाट लिफ्टिङ सिंचाईका लागि सम्भावित सिंचाई क्षेत्रहरुको संभाव्यता अध्ययन पुरा भएका क्षेत्रमा लिफ्टिङ सिंचाई आयोजना संचालनमा ल्याईनेछ भने बाँकी स्थानहरुमा सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गरिनेछ।
- वस्ती तथा खेतियोग्य जमिन, नदी कटानबाट सुरक्षित गर्न तथा भूक्षय रोक्न तट्बन्धन, वृक्षारोपण गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखिनेछ।

### २. विद्युत :

- बाँकी रहेका काठका पोलहरुलाई विस्थापित गरी स्टिल पोलको व्यवस्थापन गरिनेछ।
- विद्युत लाइनलाई स्तरीकरण गर्ने कार्यमा जोड दिईनेछ।
- यस आ.व.मा टुकी रहित उज्यालो गाउँपालिका घोषणा गरिनेछ।

### ३. भवन :

- भवन निर्माण गर्दा अनिवार्य घर नक्सापास (भवनसंहिता)गर्ने कार्यलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ।
- भवन निर्माण गर्दा अनिवार्य रुपमा बालमैत्री अपाङ्गमैत्री, भूकम्प प्रतिरोधी बनाउन लगाईनेछ।
- वडा कार्यालयलाई थप व्यवस्थित गर्दै सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण कार्य अगाडी बढाईनेछ।
- सम्पूर्ण घरहरुलाई अभिलेखिकरण गर्न उत्प्रेरित गरिने छ।
- घरहरुलाई सुरक्षित गर्नका लागि घर विमा कार्यक्रममा जोड दिईनेछ।

### ४. सडक :

- रम्भा गाउँपालिकाका सडक संजालमा जोडिन बाँकी रहेका क्षेत्रहरुलाई सडकको पहुँच पुर्याउने तथा अधुरा कार्य सम्पन्नतालाई प्राथमिकता दिईनेछ।
- यस आ.व.लाई सडक स्तरोन्नती वर्षको रुपमा अगाडी बढाउन ट्रयाक खुलेका सडकहरुमा पक्की नाली निर्माण गर्ने, ग्राभेल गर्ने, ग्रेड मिलाउने तथा पक्की गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ।
- संचालनमा आएका सडकहरुलाई बाह्रै महिना नियमित रुपमा संचालन गर्न विगत वर्ष देखि संचालनमा ल्याईएको मर्मत संभार विशेष कोषलाई निरन्तरता दिदै उक्त कोषबाट खर्च गरि संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिनुका साथै बाटो हेरचाह गर्नका लागि लेन्थ मेन को व्यवस्था गर्ने कार्यलाई क्रमश थप गर्दै लगिनेछ।
- गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा यातायातको पहुँचलाई सुलभ र व्यवस्थित गरिनेछ।

- ❖ रम्भा गाउँपालिका भित्र पर्ने सिद्धार्थ आर्थिक कोरीडोर, कालीगण्डकी कोरीडोर, आर्यभञ्ज्याङ- रामपुर सडकको सामान्य मर्मत दोहोरो खर्च नपर्ने गरी गरिनुका साथै यस क्षेत्रका बासिन्दाको आर्थिक समृद्धि गर्न उत्पादनमा जोड दिईनेछ ।
- ❖ सडकको मापडण्ड मिच्ने, सार्वजनिक जग्गा मिच्ने जस्ता कार्यलाई रोक लगाउनका लागि विशेष व्यवस्था गरिनेछ ।
- ❖ जोखिमपूर्ण यात्रालाई निरुत्साहित गरि सडक दुर्घटना कम गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- ❖ सडक बत्ती व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै थप विस्तार गर्दै लगिनेछ ।

## (घ) वन, वातावरण तथा विपद व्यवस्थापन :

- ❖ सामुदायिक वन उपभोक्ताहरुसँगको समन्वय एवं सहकार्यमा वृक्षारोपण कार्यमा प्राथमिकता दिईनेछ ।
- ❖ सामुदायिक वनहरुलाई गाउँपालिकाभित्र सूचीकृत गरी वृक्षारोपण, जडीबुटी संरक्षण, साझेदारी रुपमा पौष्टिक तत्वले पूर्ण भएका घाँसहरु, दालचिनी, अम्लिसो, लिची, आँप साथै फलफूल खेती गर्ने कार्य अगाडी बढाईनेछ।
- ❖ हरियाली गाउँपालिका बनाउने नीति लिईनेछ ।
- ❖ **"हरियो वन नेपालको धन"** भन्ने नारालाई साकार बनाउन राष्ट्रिय वन, सामुदायिक वन, निजी वन, धार्मिक वन क्षेत्रको वैज्ञानिक वन व्यवस्थापन गरी संरक्षण विकास तथा नियमानुसार उपयोग गर्ने कार्य अगाडि बढाईनेछ ।
- ❖ सार्वजनिक जग्गाको संरक्षण गर्दै खाली जग्गालाई हराभरा गर्ने नीति अगाडी सारिने छ ।
- ❖ दैविप्रकोप न्यूनीकरण गर्न प्रतिकार्य योजनालाई प्रभावकारी बनाउँदै सचेतनामूलक कार्यक्रम संचालन गर्ने तथा उचित व्यवस्थापन गर्न प्रकोप विपद व्यवस्थापन कोषलाई मजवुद बनाइने छ साथै आपतकालीन सेवालाई संचालन गर्न QRT गठन गर्ने, तालिमको व्यवस्थापन गर्ने तथा आवश्यक सामग्रीको व्यवस्थापन गरी आवश्यक परेको बेला छिटो छरितो तरिकाले सेवा प्रवाह गर्न सकिने व्यवस्था मिलाईनेछ ।
- ❖ LAPA लापाको (स्थानीय वातावरण अनुकुलन योजना) प्रतिवेदन अनुसार वजेट तथा कार्यक्रम कार्यान्वयनमा लगिने छ ।

## (ङ)सुशासन तथा सेवा प्रवाह:

- ❖ योजनाहरुमा आर्थिक पारदर्शिता, गुणस्तरीयता तथा फरफारकमा आईपर्ने समस्यालाई समाधान गर्न उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्ने तथा सरल छिटो छरितो गर्ने कार्य अगाडि बढाईनेछ ।
- ❖ योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकनलाई थप प्रभावकारी बनाईनेछ ।
- ❖ "स्मार्ट रम्भा डिजिटल गाउँपालिका" को अवधारणालाई जोड दिईनेछ ।
- ❖ गुणस्तरीयताकासाथ समयमा योजना सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने र आवश्यक थप रकमको व्यवस्था गर्ने कार्यक्रम ल्याईनेछ ।
- ❖ रम्भा गाउँपालिका भित्रबाट दिइने सेवा सुविधालाई छिटो, छरितो, सरल र प्रभावकारी बनाईनेछ ।
- ❖ आर्थिक मितव्ययिता तथा पारदर्शितालाई विशेष कडाईका साथ लागु गर्न आर्थिक नियन्त्रण प्रणाली एवं आर्थिक अनुशासनलाई उच्च प्राथमिकता दिईनेछ ।
- ❖ गाउँपालिकालाई आन्तरिक आम्दानीमा सवल बनाउन अव्यवस्थित ढंगबाट रहेका प्राकृतिक साधन र श्रोतहरुको उच्चतम उपयोग गर्ने कार्यक्रम ल्याई थप व्यवस्थित बनाउँदै लगिने छ ।
- ❖ गाउँपालिका तथा वडा तहबाट गरिने सम्पूर्ण कार्यको प्रतिवेदन प्रत्येक महिनामा सार्वजनिक गरिनेछ ।
- ❖ वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेहरुको यथार्थ विवरण भूमी सम्बन्धि समस्या समाधान आयोगलाई उपलब्ध गराई यथाशिघ्र जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- ❖ सूचना प्रविधिको विस्तार एवं प्रयोगमा जोड दिईनेछ ।
- ❖ साधन स्रोतलाई मध्यनजर गर्दै गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सुविधामा समयानुकुल परिमार्जन गर्दै लगिनेछ र कर्मचारीहरुका लागि कल्याण कोष तथा उपदान कोषको व्यवस्था गरिनेछ ।

❖ स्थानीय तहका कर्मचारीहरुको क्षमता विकासका लागि समयानुकुल तालिम, अवलोकन भ्रमण एवं पेशाप्रति कर्तव्यनिष्ठ बनाउन सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

❖ प्रत्येक वडा कार्यालय तथा गाउँपालिकाबाट कर दाखिला अनलाईन सिष्टमबाट शुरुवात गरिएकोमा यसलाई थप व्यवस्थित बनाईनेछ ।

❖ कामको चापलाई मध्यनजर राख्दै अतिरिक्त काममा लगाउँदा नियमानुसार थप सुविधाको व्यवस्था मिलाईनेछ ।

❖ जनता आवास कार्यक्रममा छुटेका परिवारलाई समावेश गर्दै लगिनेछ ।

❖ यस आ.व.मा खरको छाना मुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गत विशेष कारणले बाँकी रहेका घरहरुलाई खरको छानामुक्त गरी यथाशीघ्र खरको छानामुक्त गाउँपालिकामा रुपान्तरित गरिने छ ।

❖ गाउँ विकास कार्यक्रमद्धारा गठन भै संचालनमा रहेका समूहहरुलाई क्रमशः टोल विकास संस्थामा रुपान्तरण गर्दै लगिनेछ ।

❖ 'न्यायको पहुँच जनताको घर दैलोमा' भन्ने भनाइलाई साकार बनाउन न्यायिक समिति र मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

❖ न्यायीक समितिलाई थप प्रभावकारी बनाउँदै न्याय प्रणालीलाई सरल, छिटो, छरितो, चुस्त दुरुस्त बनाइने छ ।

❖ सुचनाको हक सम्बन्धि नीतिलाई प्रभावकारी कार्यान्वयनमा ल्याइने छ । यसका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, पत्रकार भेटघाट तथा छलफल जस्ता कार्यक्रममा विशेष जोड दिईनेछ ।

❖ स्थानीयस्तरका पत्रकारहरुको क्षमता विकास गर्दै लगिनेछ ।

❖ सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई निरन्तरताका साथ थप प्रभावकारी गराउँदै लगिनेछ ।

❖ शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाउन सामुदायिक प्रहरी साझेदारी कार्यक्रम संचालनमा ल्याईनेछ ।

समाप्त

धन्यवाद !!